# प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६

प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "प्रदेश सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ को नियम २ मा संशोधन: प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(क) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत राजपत्रांकित प्रथम श्रेणी वा अधिकृत एघारौं तह वा सो सरहको अन्य कार्यालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनु पर्छ।"

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिवलाई समेत जनाउँछ।"

३. मूल नियमावलीमा नियम ५९क. थप: मूल नियमावलीको नियम ५९ पछि देहायको नियम ५९क. थपिएको छः-

"५९क. अवधि थप गर्ने अधिकारी: (१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि अवधि थप गर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।

(२)खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।"

४. मूल नियमावलीको नियम ६१ मा संशोधन: मूल नियमावलीको नियम ६१ को सट्टा देहायको नियम ६१ राखिएको छः-

"६१. भुक्तानी सम्बन्धी व्यवस्था: (१) निर्माण व्यवसायी वा परामर्शदाताले गरेको काममा खटिएका श्रमिकहरूको पारिश्रमिक भुक्तानी गरेको कुराको लिखित रुपमा त्यस्ता निर्माण व्यवसायी वा परामर्शदाताले स्वघोषणा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण व्यवसायी वा परामर्शदाताले गरेको स्वघोषणा झुठ्ठा ठहरेमा त्यस्ता निर्माण व्यवसायी वा परामर्शदातालाई प्रचलित कानुन बमोजिम कार्वाही हुनेछ।"

५. मूल नियमावलीको नियम ६५ मा संशोधनः मूल नियमावलीको नियम ६५को सट्टा देहायको नियम ६५ राखिएको छः-

"६५. यसै नियमावली बमोजिम हुनेः यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।"

६. खारेजीः मूल नियमावलीको नियम १२ खारेज गरिएको छ ।

प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ संसोधनको तीन महले विवरण

| सि.नं. | संसोधित नियम | साविकको व्यवस्था | संसोधित व्यवस्था | संसोधन गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | नियम २ संशोधन | (ङ)"विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको वा सो भन्दा माथिल्लो श्रेणी वा तहको कार्यालय प्रमुख सम्झनु पर्छ। | "(ङ) "विभागीय प्रमुख"भन्नाले प्रदेश सरकार अन्तर्गतको कुनै निकायमा कार्यरत अधिकृत एघारौं तह वा सो सरहको अन्य कार्यालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनु पर्छ।" | विभागीय प्रमुख सम्बन्धी व्यवस्था तहका आधारमा गर्नु परेकोले |
| २ | ऐ. ऐ. | (च)"सचिव"भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिव र सचिव सरहको कार्यसम्पादन गर्ने प्रदेश सरकारको प्रथम श्रेणीको अन्य अधिकृत समेतलाई जनाउँछ। | "(च) "सचिव"भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिवलाई समेत जनाउँछ।" | सचिव सम्बन्धी व्यवस्था प्रष्ट गर्नु परेकोले |
| ३ | ५९क. थप | - | "५९क.<u>अवधि थप गर्ने अधिकारीः</u> (१)सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम (६) को प्रतिबन्धात्मक वाक्यांशको प्रयोजनको लागि अवधि थप गर्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ।<br>(२) खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।" | खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था राख्नु परेकोले |
| ४ | नियम ६१ संशोधन | ६१.<u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u> निर्माण व्यवसायी वा परामर्शदाताले गरेको कामको दोस्रो रनिङ बिल देखि भुक्तानी माग गर्दा सो भन्दा अघि सम्पन्न गरेका काममा खटिएका श्रमिकहरुको पारिश्रमिक भुक्तानी गरेको प्रमाण पेश गर्नुपर्नेछ । | "६१.<u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u> निर्माण व्यवसायी वा परामर्शदाताले गरेको काममा खटिएका श्रमिकहरूको पारिश्रमिक भुक्तानी गरेको कुराको लिखित रुपमा त्यस्ता निर्माण व्यवसायी वा परामर्शदाताले स्वघोषणा गर्नु पर्नेछ।" | भुक्तानी सम्बन्धी व्यवस्थालाई सरल बनाउनु परेकोले |
| ५ | नियम ६५ मा संशोधन | ६५.<u>यसै नियमावली बमोजिम हुनेः</u> यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ। | "६५. <u>यसै नियमावली बमोजिम हुनेः</u> यस नियमावलीमा उल्लेख गरिएका विषयमा यसै नियमावली बमोजिम र अन्य विषयमा सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।" | प्रचलित कानुन बमोजिम हुने व्यवस्था प्रष्ट गर्नु परेकोले |
| ६ | नियम १२ खारेजी | १२. <u>बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्नेः</u> (१)सार्वजनिक निकायले बीसलाख रूपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्नेछ।<br>(२) ऐनको दफा १५ को अवस्थामा अन्तर्राष्ट्रिय स्तरमा खुला बोलपत्र आह्वान गरी मालसामान, निर्माण कार्य वा अन्य सेवाको खरिद गर्नु पर्नेछ। | नियम १२ खारेज गरिएको छ। | नियम १२ को व्यवस्था प्रचलित कानुन बमोजिम हुने भएकोले |